# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०७।१७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएका मुद्दाहरु।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये सार्वजनिक सम्पत्ति हानिनोक्सानी तथा नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दाहरुमा आयोगको निर्णय अनुसार मिति २०८०।०७।१७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
भोला दाहाल

**देहायः**

| सि.न | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्र.ओम प्रकाश यादव, अजयकुमार यादव र अनिरुद्र मण्डल** (वि.अ. को मु.नं. ०७५-CR-०११०), वि.अ. को फैसला मिति २०८०।०१।२८) | **सरकारी रकम वदनियतसाथ हिनामिना गरी भ्रष्टाचार गरेको।** | प्रतिवादी ओम प्रकाश यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम निजले खाए मासेको बिगो रु. १,३५,२२९।८२ निज ओम प्रकाश यादववाट असुल उपर गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैदको सजाय हुन, प्रतिवादी अजय कुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम निजले खाए मासेको बिगो रु.१,३१,३६५।८२<br>निज अजय कुमार यादवाट असुल उपर गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैदको सजाय हुन र **प्रतिवादी अनिरुद्र मण्डललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम निजले खाए | **फैसलाः**<br>प्रतिवादीहरु ओमप्रकाश यादव र अजयकुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर गरेको ठहऱ्याई प्रतिवादी ओमप्रकाश यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१), ३(१)(घ) बमोजिम ६ महिना कैद रु १,३५,२२९।८२ जरिवाना र बिगो रु १,३५,२२९।८२ असुल उपर हुने र प्रतिवादी अजयकुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१), ३(१)(घ) बमोजिम ६ महिना कैद रु १,३१,३६५।८२ जरिवाना र बिगो रु १,३१,३६५।८२ असुल उपर हुने ठहऱ्याई प्रतिवादी अनिरुद्र मण्डलको हकमा आरोपदावी पुग्न नसकी आरोपित कसूरमा सफाई पाउने भनी मिति २०८०/०१/२८ मा फैसला भएको।<br><br>**विशेष अदालतले अनिरुद्र मण्डललाई सफाई दिदा लिएका आधारः**<br>प्रतिवादी अनिरुद्र मण्डलले रकम भुक्तानी लिई खाइमासेको अवस्था नरहेबाट निजले सरकारी रकम हिनामिना हानि नोक्सानी गरेको भन्ने देखिन नआएको, निज उपर गलत कार्यसम्पन्न प्रतिवेदन तयार गरेको भन्ने आरोपदावी नरहेको अवस्थामा आर्थिक कारोवारमा संलग्न नै नभएका प्रतिवादी उपरको ऐ. दफा १७ को आरोपदावी पुग्न नसक्ने। | **क.** प्रतिवादी अनिरुद्र मण्डल पर्यटन कार्यालय, जनकपुरको ओभरसियर पदमा कार्यरत रहेको र निजले सर्लाही जिल्ला साविक बेल्ही गा.वि.स. वडा नं. -२ स्थित रामजानकी मन्दिरको कम्पाउण्डवाल तथा ऐ वडा नं. ८ स्थित ब्रम्हस्थान ब्रम्हबाबाको मन्दिरको कम्पाउण्डवाल निर्माण कार्यको लागि लागत अनुमान तयार गर्ने तथा सो कार्य सम्पन्न भयो भनी सो को मूल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई उपभोक्ता समितका अध्यक्षहरु ओम प्रकाश यादव र अजय कुमार यादवलाई जनश्रमदान कटाई पर्यटन कार्यालय, जनकपुरबाट रकम भूक्तानी दिलाएको व्यहोरा निजले आयोगमा तथा सम्मानित अदालतमा दिएको बयानमा स्वीकार गरेको। आयोगमा उजुरी परेपछि मात्र निजहरुले कम्पाउण्डवाल निर्माण कार्य गरेको, सो कार्यमा वालको जगमा जमिनमाथि आर.सी.सी ढलान गर्ने कार्यमा वालको दुवै छेउमा र बिचको गेटको दुवै साइटमा अन्दाजी १/१ हातका २/२ वटा १० mm का छडका टुक्रा बाहिर देखाएर राखी बिच भागमा पनि छड राखेको भनी भ्रममा पार्न खोजेको व्यहोरा स्थलगत निरीक्षण तथा नापजाँचको क्रममा पाइएको, सो अनुसार रामजनकी मन्दिरको कम्पाउण्डवाल निर्माणमा रु.१,४९,७७०।१८ मात्र र ब्रम्हस्थान ब्रम्हबाबाको मन्दिरको कम्पाउण्डवाल निर्माणमा १,५३,६३४।१८ मात्रको कार्य गरेको पाइएकोले क्रमशः कार्य नगरी रु.१,३५,२२९।८२ र रु.१,३१,३६५।८२ समेत जम्मा रु.२,६६,५९५।६४ कार्य नै नगरी बढी भूक्तानी दिलाउने कार्यमा मिलेमतो गरी सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको पुष्टी भएको।<br><br>**ख.** भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ ले कुनै राष्ट्र सेवकले आफ्नो ओहदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार वा सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही वा वद्नियत गरी हिनामिना, हानिनोक्सानी वा दुरुपयोग गरे गराएमा सजाय हुने कानूनी व्यवस्था रहेको। प्रतिवादी अनिरुद्र मण्डलले निर्माण कार्यको लागि लागत अनुमान तयार गर्ने तथा सो कार्य सम्पन्न भयो भनी सो को मूल्यांकन तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी गराई उपभोक्ता समितका अध्यक्षहरु ओम प्रकाश यादव र अजय कुमार यादवलाई जनश्रमदान कटाई पर्यटन कार्यालय, जनकपुरबाट रकम भूक्तानी दिलाई गैरकानूनी रुपमा भएको खर्च भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको कसूर भएकोमा प्रतिवादी अनिरुद्र मण्डललाई सफाई दिने गरी भएको फैसला सो हदसम्म त्रुटीपुर्ण एवं बदर योग्य रहेको।<br><br>**ग.** भ्रष्टाचारजन्य कसुर र देवानी दायित्वका बिच तात्विक भिन्नता रहेको हुन्छ । भ्रष्टाचार निवारण ऐनको संरचनाबाट सार्वजनिक उत्तरदायित्व भएका पदाधिकारी तथा राष्ट्रसेवकले अन्य व्यक्तिहरूसँग मिली भ्रष्टाचारजन्य कार्य गरी सरकारी वा सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, आफू वा अन्य व्यक्तिलाई लाभ वा हानि पुऱ्याउने कार्य गरेमा सो कार्यमा संलग्न रहेका पदाधिकारी, संस्था वा व्यक्तिलाई समेत कसुरदार ठहर हुने भनी ने.क.पा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मासेको बिगो रु. २,६६,५९५।६४ अनिरुद्र मण्डलवाट असुल उपर गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैदको सजाय हुन मागदावी लिइएको। | | २०७६ निर्णय नं. १०३८७ मुद्दाः भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतले प्रतिपादित गरेको सिद्धान्त विपरित विशेष अदालतले गरेको फैसला बदर भागी रहेको।<br><br>**घ.** भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन । अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो । प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ । साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित गतिविधि केवल आर्थिक लाभ हानि पुर्‍याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी सर्वोच्च अदालतबाट (मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२) सिद्धान्त प्रतिपादित भएको। |
| २ | **प्र. उर्मिला देवी**<br>(मुद्दा नं.: ०७९-**CR**-००२९,<br>फैसला मितिः–२०८०।०१।१५) | **नक्कली शैक्षिक प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरेको।** | प्र. उर्मिला देवीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूर गरेको हुँदा निज प्रतिवादी उर्मिला देवी उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिइएको। | **फैसलाः**<br>प्रतिवादी उर्मिला देवीलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसूरमा सोही ऐनको दफा १२ र दफा २९(२) बमोजिम कैद सजाय नभई कसूरको मात्रा अनुसार रु २,५००/- जरीवाना हुने ठहर्‍र्छ भनी फैसला भएको।<br>**विशेष अदालत काठमाडौंले प्रतिवादी उर्मिला देवीलाई आरोपदावी भन्दा फरक हुने गरी फैसला गर्दा निम्न आधार ग्रहण गरेको।**<br>राष्ट्रिय परीक्षा बोर्डको चं.नं. २०९८ मिति २०७६/०३/०८ को पत्र समेतका आधारमा प्रतिवादी उर्मिला देवीले नेपाल राष्ट्रिय प्राथमिक विद्यालयमा शुरु नियुक्तिको लागि पेश गरेको बिहार बिद्यालय परीक्षा समिति अन्तर्गतको S.N.G High School बाट म्याट्रिक तह पास गरेको प्रमाणपत्र नक्कली देखिएको र उक्त प्रमाण पत्र पेश गरी प्रतिवादीले शिक्षक पदको लाभ समेत लिएको देखिएको। | **क.** प्रतिवादी उर्मिला देवीले ने.रा.कन्या प्रा.वि. भेडिहरवा, पर्सामा शिक्षक पदमा नियुक्तिको लागि निजले बिहार विद्यालय परीक्षा समिति, पटना-१७ अन्तर्गत S.N.G. high school, Rampur atoult बाट शैक्षिक योग्यता level HS, वर्ष 1994, Roll code 9138 Roll no.265, योग 547, श्रेणी first उल्लेख भएको लब्धाङ्क पत्र तथा प्रब्रजन प्रमाणपत्र र मिति २०५९।०४।२४ गते तत्कालिन जिल्ला शिक्षा कार्यालय, पर्साबाट जारी भएको भनिएको प्र.प.नं.३६३०११४६ को अस्थायी अध्यापन अनुमति पत्र समेत पेश गरी शिक्षक पदमा नियुक्ति लिई निज उर्मिला कुमारीले मिति २०६६।११।०२ गते देखि २०६७।०३।२५ गतेसम्स हाजिर गरी कामकाज गरेको तथ्य ने.रा.प्रा.वि. भेडिहरवा पर्साको चलानी नम्बर ३८ मिति २०६९/०१/०३ गतेको पत्रबाट देखिएको।निजको नाममा मिति २०५९।०४।२४ गते तत्कालिन जिल्ला शिक्षा कार्यालय, पर्साबाट जारी भएको भनिएको प्र.प.नं.३६३०११४६ को अस्थायी अध्यापन अनुमति पत्र समेत सो कार्यालयबाट जारी नभएको भनी शिक्षा विकास तथा समन्वय इकाई बिरगंज को च.नं.१२०१ मिति २०७९/०३/३० गतेको पत्रबाट खुल्न आएबाट निज उर्मिला देवीले शिक्षक पदको ओहोदा प्राप्त गर्नको लागि झुठ्ठा विवरणको शैक्षिक योग्यताको प्रमाण पत्र र अस्थायी अध्यापन अनुमतिपत्र पेश गरेको देखिएको।<br><br>**ख.** प्रतिवादी उर्मिला देवीलाई मिति २०६६/१०/२८ गतेको निर्णयानुसार मिति २०६६/११/०२ गतेको पत्रबाट बिद्यालयले बढीमा ६ महिनाको को लागि अस्थायी नियुक्ती पत्र दिएको। निजको नाममा जारी भएको भनिएको प्र.प.नं.३६३०११४६ को अस्थायी अध्यापन अनुमति पत्र जिल्ला शिक्षा कार्यालयबाट जारी नभएको भनी शिक्षा विकास तथा समन्वय इकाई बिरगंजले लेखी पठाएकोमा प्रतिवादीले आफ्नो शैक्षिक योग्यताको प्रमाण पत्र जिल्ला शिक्षा कार्यालय, पर्सामा पेश गरी आधिकारिक अस्थायी अध्यापन अनुमति पत्र नलिएको तथा निज प्रतिवादी अनुसन्धान र अदालतमा उपस्थित भई बयान समेत गरेको नदेखिदा उक्त अस्थायी अध्यापन अनुमतिपत्र के कसरी प्राप्त गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भन्ने खुल्न नसकेको। प्रतिवादी उर्मिला देवीले उक्त शैक्षिक योग्यताको प्रमाण पत्र र अध्यापन अनुमती प्रमाणपत्रको आधारमा उक्त बिद्यालयमा २०६६।११।०२ गते देखि २०६७।०३।२५ सम्म कामकाज गरेको भन्ने उक्त बिद्यालयको पत्रबाट देखिएको। भ्रष्टाचार निवारण ऐन, २०५९ मिति २०५९/३/५ गतेबाट लागु भएको अवस्थामा प्रतिवादी उर्मिला देवीले मिति २०६६/१०/२८ गतेको निर्णयानुसार मिति २०६६।११।०२ गते देखि २०६७।०३।२५ गतेसम्म ने.रा.प्रा.वि. भेडिहरवा पर्सा हाजिर गरी कामकाज गरेको देखिएबाट वारदात मिति २०६६/१०/२८ गतेबाट लागु हुनेमा स्पष्ट देखिएको अवस्थामा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम कसूर कायम गरी गरेको सजाय सो हद सम्म त्रुटीपुर्ण रहेको। |